United Nations Educational, Scientific and Cultural Organization

Nepal National Commission for UNESCO

# युनेस्को बुलेटिन

UNESCO BULLETIN

चौमासिक बुलेटिन

वर्ष ४६ अङ्क २ मंसिर – फागुन, २०७५

Year - 46 Edition-2, December 2018 - March 2019

## दोस्रो चौमासिक बुलेटिनमा समाविष्ट विषयवस्तुहरू

- २०७५।८।१ र २ गते काठमाण्डौंमा यस सचिवालय र एएसपिनेटको आयोजनामा Global Action programme of Education for Sustainable Development परियोजना अर्न्तगत Online tool Sharing for ASPnet सम्बन्धी कार्यशामा सम्पन्न भयो ।
- २०७५।१०।१७ देखि १८ सम्म यस सचिवालय र युनेस्को काठमाण्डौको आयोजनामा Workshop on Gender Mainstream in Teacher Education सम्बन्धी कार्यशाला सम्पन्न
- मिति २०७५।१०।२० र २१ गते विद्यालयको अग्रसरतामा भूमण्डलीय नागरिक शिक्षा सम्बन्धी क्रियाकलापको प्रवर्द्धन सम्बन्धी २ दिवसीय कार्यशाला गोष्ठी दाङको घोराहीमा सम्पन्न
- मिति २०७५।१०।२२ गते सल्यानमा नवप्रवर्तन प्रचार प्रसार सम्बन्धी गोष्ठी सम्पन्न
- युनेस्कोका नवप्रवर्तनको प्रचार प्रसार सर्लाहीमा सम्पन्न मिति २०७५ फागुन १ गते
- फागुन ८ गते गोरखामा कार्यक्रम सम्पन्न नवप्रवर्तनको प्रचार प्रसार सम्बन्धी
- २०७५।११।२ गते SDG4 National FrameWork for Actionसम्बन्धी १ दिवसीय कार्यक्रम जिल्ला समन्वय समिति धनुषाको हलमा सम्पन्न भयो ।
- दिगो विकासका लागि शिक्षा,जलवायु परिवर्तन असर न्यूनीकरण विषयक २ दिने कार्यक्रम शिक्षा विकास तथा समन्वय इकाइ काठमाण्डौमा मिति २०७५।११।२३ र २४ गते सम्पन्न
- National Strategy for the Development of Education Statistics सम्बन्धी ३ दिने कार्यशाला युनेस्को काठमाण्डौ र युनेस्को सचिवालयको आयोजनामा मिति २०७५।११।२६ देखि २८ सम्म भिलेज रिसोर्ट गोदावरीमा सम्पन् भयो ।
- अनुगमन गरिएका कार्यहरू
- युनेस्को सचिवालयसँग आबद्ध भएका विभिन्न विद्यालयहरूको अनुगमन भएको र सो अनुगमनबाट विस्तृत प्रतिवेदन तयार पारिएको छ ।
- युनेस्कोका आदर्शहरूको परिपालनाका सम्बन्धमा सरोकारवालाहरूको प्रतिक्रिया र विद्यालयहरूलाई पुगेको फाइदाका सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाइहरूमा अन्तरक्रिया गरिएको ।
- युनेस्को सचिवालयको समन्वयमा निर्माण भइरहेको लोकतन्त्र सामुदायिक सिकाइ केन्द्र घ्याल्चोक, गोरखाको समय समय अनुगमन गरिएको
- मा. मन्त्रीज्यूको प्रमुख आतिथ्यतामा Global Education Monitoring Report सार्वजनिकीकरण सम्बन्धी थप केही जानकारी
- दिगो विकासका लक्ष्य नं. ४ मा उल्लेख भएका शिक्षाका विश्वव्यापी सूचकहरु

## सम्पादकीय

शिक्षा, सस्कृति, विज्ञान, आमसञ्चार र मानव समाजका प्रमुख विषयक्षेत्रलाई लिएर विश्व शान्ति र समृद्धिको लागि समर्पित युनेस्कोको अवधारणा तथा अभियानहरूलाई मार्गदर्शकका रूपमा लिएर अगाडि बढिरहेको युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले चालु आ.व.०७५।०७६ को दोस्रो चौमासिकमा सञ्चालन र सम्पादन गरेका कियाकलापकियाकलापहरूलाई समेटेर यो अक्त प्रकाशन गरिएको छ ।

यस अङ्कमा स्थानीय अग्रसरतामा जलवायु परिवर्तन र असर न्यूनीकरण, युनेस्कोका नवप्रवर्तनहरूको प्रचार प्रसार कार्यक्रम, विद्यालय तहमा भूमण्डलीय नागरिक शिक्षा, सम्बन्धी अभिमुखीकरण र विश्वव्यापी शैक्षिक अनुगमन प्रतिवेदनको सार्वजनिकरण लगायतका युनेस्को आवद्ध विद्यालयहरूको अनुगमन जानकारी लगायतका विषयवस्तु समावेश गरिएको छ । अन्त्यमा आगामी अङ्कहरूलाई अझ बढी उपयोगी र सूचनामूलक बनाउन यस सचिवालय रचनात्मक सुझावको अपेक्षा गर्दछ ।

United Nations Educational, Scientific and Cultural Organization
Nepal National Commission for UNESCO

# पृष्ठभूमि

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको बार्षिक कार्यक्रम अन्र्तगत दिगो विकासका लक्ष्यहरू मध्ये मूलत लक्ष्य नं. ४ मा रहेको शिक्षा सँग सम्बन्धित विभिन्न शैक्षिक क्रियाकलपाहरू गर्ने, युनेस्कोका आदर्शहरू शान्ति, मैत्री तथा आपसी सद्भाव, सहनशीलता, मानव अधिकारप्रतिको सम्मान, सहकार्य सामूहिक प्रयास, सामाजिक न्याय तथा उपलब्धिको न्यायोचित वितरण, रचनात्मक सिर्जनशीलताद्वारा शान्ति, प्रगति तथा समृद्धिको प्रवर्द्धन र संस्थागत विकास जस्ता विभिन्न पक्षहरूका बारेमा सरोकारवालहरूबीच जानकारी गराई युनेस्कोका गतिविधिहरूको बारेमा प्रचार प्रसार समेत गर्ने गरी कार्यक्रम तर्जुमा भएको थियो । तसर्थ यस आ.ब.२०७५।०७६ मा सञ्चालन गरिने कार्यक्रमहरू युनेस्कोका गतिविधिहरूको बारेमा जानकारी गराउने, युनेस्को सचिवालयसँग आबद्ध विद्यालयहरूका प्रधानाध्यापक, शिक्षकहरूलाई जलवायु परिवर्तनका असर न्यूनीकरण सम्बन्धी गोष्ठी सञ्चालन गर्नु, गोष्ठीबाट आवश्यक पृष्ठपोषण प्राप्त गर्नुका साथै दिगो विकासका लागि शिक्षाका लक्ष्यहरूको बारेमा नेपालको अवस्था के छ ? स्थानीय सरकारको स्थिति के कस्तो छ ?

कसरी राष्ट्रिय लक्ष्यमा पुग्न सकिने भन्ने सम्बन्धमा विद्यमान शैक्षिक नीतिका आधारमा सरोकारवालाहरू बीच छलफल एवम् अर्न्तकृयात्मक गोष्ठी सञ्चालन गर्नु, विद्यालयहरूलाई अर्न्तराष्ट्रिय स्तरमा सम्बन्ध कायम गराउनका लागि युनेस्को आवद्ध विद्यालयहरूको परियोजना सञ्जाल तयारीकालागि सञ्जालमा विद्यालयहरूलाई आबद्ध गराउने जस्ता विविध क्रियाकलाप गर्नु यस आ.व.२०७५।०७६ मा सचिवालयले विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको हुँदा दोस्रो चौमासिकको अवधिमा सम्पन्न भएका कार्यक्रम तथा गतिविधिहरूलाई यस बुलेटिनमा समेटिएको छ ।

# Global Education Monitoring Report, 2019 सार्वजनिकीकरण




**माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूबाट प्रतिवेदन सार्वजनिकीकरण कार्यक्रम**

Global Education Monitoring Report, 2019 सार्वजनिकीकरण कार्यक्रम 14th March 2019 (Fagun-30, 2075) गते काठमाडौँमा सम्पन्न भयो । उक्त विश्वव्यापी शिक्षाको अनुगमन प्रतिवेदनको सार्वजनिकीकरण कार्यक्रमका प्रमुख अतिथि माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलज्यूबाट भएकोथियो ।

शिक्षा, विज्ञान प्रविधि मन्त्रालयका सचिव एवम् युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका महासचिव श्री खगराज बरालज्यूको अध्यक्षतामा भएको उक्त कार्यक्रममाशिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव श्री बैकुण्ठप्रसाद अर्याल, युनेस्को काठमाडौँबाट Mr. Christian Manhart, IOM, UNHCR, DPs focal point, लगायतका महानुभावहरुको उपस्थितिमा कार्यक्रम सञ्चालन भएको थियो । उक्त कार्यक्रमको सञ्चालन युनेस्को सचिवालयका सचिव श्री खगराज पौड्यालबाट भएको थियो ।

कार्यक्रममा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव श्री बैकुण्ठप्रसाद अर्यालबाट दिगो विकासका लक्ष्य नं. ४ मा नेपालले हासिल गरेका उपलब्धिसमेतको प्रस्तुतीकरण भएको थियो । उक्त कार्यक्रममा चिफ अफ मिसन, आई.ओ.एम. (IOM), प्रतिनिधि, युनेस्को




**सहसचिव श्री बैकुण्ठप्रसाद अर्यालबाट प्रस्तुतीकरण हुँदै**

काठमाण्डौंका, शिक्षा प्रमुख बलराम तिमिल्सिना, यु.एन.एच.सि.आर (UNHCR), का प्रतिनिधि, विकास साझेदारका फोकल पोइन्ट एवम् प्रतिनिधिहरू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका पदाधिकारीहरू, शिक्षाविद्हरू, शिक्षकका पेसागत संस्थाका पदाधिकारीहरू, गै.स.स.का प्रतिनिधिहरु पत्रकारहरू तथा प्रधानाध्यापकहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथिका रूपमा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूबाट मन्तव्य व्यक्त भएको थियो । माननीय मन्त्रीज्यूबाट मन्तव्यको क्रममा दिगो विकासका १७ ओटा लक्ष्यहरूमध्ये गुणस्तरीय शिक्षाको लक्ष्य नम्वर ४ मा पनि युनेस्कोले कार्य गर्दै आएको उल्लेख गर्दै उक्त लक्ष्यको परिपूर्ति गर्ने कार्य समेतका लागि अनुगमन प्रतिवेदन सहयोगी हुने विश्वास व्यक्त गर्नुभयो । विश्वव्यापी अनुगमन प्रतिवेदनमा उल्लेख गरिएका अवस्थाअनुसार नेपालले लिनुपर्ने पहलका लागि नेपाल सरकार प्रतिबद्ध रहेको सन्दर्भमा शिक्षा मन्त्रालयको नेतृत्व, युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयको संयोजन र व्यवस्थापन एवम् युनेस्को काठमाडौं अफिसको सहयोग समेतका आधारमा SDG 4 : Education 2030 को राष्ट्रिय मार्गचित्रबाट विश्व व्यापी उद्देश्य पूरा गर्ने तर्फ उन्मुख हुने कुरा व्यक्त गर्नु भयो ।

शिक्षा सम्बन्धी विश्वव्यापी रूपमा तय गरिएका विभिन्न लक्ष्य, उद्देश्य एवम् सूचकहरूका आधारमा विश्वको अवस्था कस्तो छ र कुनै पनि देशको वर्तमान अवस्था के छ, चुनौतीहरू के छन्, अब कसरी अगाडि बढ्ने भन्ने सन्दर्भमा आवश्यकीय सूचनाहरूसहितको प्रतिवेदन तयार भई सार्वजनिकीकरण हुनु आँफैंमा खुशीको कुरा भएको उल्लेख गर्दै यस अनुगमन प्रतिवेदन तयारीको लागि समग्र नेतृत्व गरेकामा युनेस्कोलाई तथा नेपालको सन्दर्भमा महत्वपूर्ण भूमिका निर्वाह गरेकोमा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय एवम् युनेस्को काठमाडौं अफिसलाई समेत धन्यवाद दिनुका साथै Global Education Monitoring Reportका अतिरिक्त Education Development in Nepal – Status and Way Forward विषयक प्रस्तुतिले समेत फाइदा पुग्ने धारणा व्यक्त गर्नु भएको थियो ।

उक्त कार्यक्रममा चिफ अफ मिसन आई.ओ.एम. (IOM), यु.एन.एच.सि.आर (UNHCR)का प्रतिनिधि र विकास साझेदारका फोकल पोइन्ट एवम् प्रतिनिधिहरूबाट मन्तव्य व्यक्त भयो ।



**प्रतिवेदन सार्वजनिकीकरणमा उपस्थित सहभागीहरू**

कार्यक्रममा कार्यक्रमका अध्यक्ष एवम् युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका महासचिव तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री खगराज बरालले प्रतिवेदनले औंल्याएका कुराहरूले वर्तमान शिक्षाको सुधारका लागि मार्ग प्रशस्त गर्ने कुरा व्यक्त गर्नुभयो ।

National Strategy for the Development of Education Statistics सम्बन्धी ३ दिने कार्यशाला युनेस्को काठमाडौं र युनेस्को सचिवालयको संयुक्त आयोजनामा मिति २०७५ फागुन २६ गतेदेखि २८ गतेसम्म सम्पन्न भयो । शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक श्री बावुराम पौडेलको अध्यक्षतामा भएको उक्त कार्यक्रममा प्रमुख अतिथि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव एवम् युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका महासचिव श्री खगराज बरालले सहभागीहरूलाई मार्ग निर्देशन दिनुभएको थियो ।



कार्यक्रमका सहभागीहरू

# “विद्यालयको अग्रसरतामा भूमण्डलीय नागरिक शिक्षा सम्बन्धी क्रियाकलापहरूको प्रवर्द्धन”सम्बन्धी २ दिवसीय गोष्ठी सम्पन्न

विद्यालयको अग्रसरतामा भूमण्डलीय नागरिक शिक्षा सम्बन्धी क्रियाकलापहरूको प्रवर्द्धन”सम्बन्धी २ दिवसीय गोष्ठी २०७५ माघ २० र २१ गते, घोराहीमा सम्पन्न भयो । सन् २०१६ देखि २०३० सम्मको शैक्षिक योजना तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयनमा सहयोग पुऱ्याउने, दिगो विकास सम्बन्धी अनुकरणीय एवम् अनुकरणीय कार्यहरूको विस्तार तथा प्रसार सहयोग पुऱ्याउने तथा विद्यार्थीहरूको सिकाइ उपलब्धि अभिवृद्धिमा सहयोग पुऱ्याउने एवम् भूमण्डलीय नागरिक शिक्षाको बारेमा जानकारी गराउने, भूमण्डलीय नागरिक शिक्षाका सरोकारवाला पक्षहरूको बारेमा जानकारी गराउनेप्रमुख उद्देश्य राखेर उक्त गोष्ठी सञ्चालन गरिएको थियो ।

**कार्यक्रमको उद्देश्य :**

१) भूमण्डलीय नागरिक शिक्षाका बारेमा जानकारी गराउनु, भूमण्डलीय नागरिक शिक्षाका सरोकारवाला पक्षहरूका बारेमा जानकारी गराउनु,

२) युनेस्कोसँग आवद्ध भएका विद्यालयहरूले गरेका अनुकरणीय कार्यहरूका बारेमा जानकारी गराउनुका साथै अनुकरणीय कार्यहरूको आदानप्रदान गर्नु,

३) विद्यालयको अग्रसरतामा भूमण्डलीय नागरिक शिक्षाका क्रियाकलापहरूके कसरी सञ्चालन गर्न सकिन्छ भन्ने बारेमा जानकारी गराउनु,

४) युनेस्कोसँग आवद्ध भई कसरी क्रियाकलाप गर्न सकिन्छ भन्ने बारेमा स्थानीयस्तरमा जानकारी गराउनु ।

कार्यक्रममा युनेस्को सम्बद्ध विद्यालय परियोजना सञ्जाल (एयसपीनेट) काबारेमा जानकारीमूलक प्रस्तुतीकरणका साथै युनेस्को सम्बद्ध विद्यालय परियोजना सञ्जाल के हो ? यो कसरी स्थापना भयो ? यसले के के कार्य गर्दछ ? यसमा कसरी आवद्ध भई कार्य गर्न सकिन्छ भन्ने बारेमा जानकारी गराउनुका साथै धेरै भन्दा धेरै विद्यालयहरू यसका आवद्ध हुनुपर्नेमा जोड दिइएको थियो । युनेस्को सम्बद्ध विद्यालय परियोजना सञ्जालमा आवद्ध हुनका लागि परियोजना प्रस्ताव तयारीको सामान्य जानकारी हुनुपर्ने भएकाले परियोजना प्रस्ताव कसरी तयार गरिन्छ? प्रस्ताव तयारीको क्रममा के के कुरामा विचार पुऱ्याउनुपर्छ भन्ने कुरामा महत्वपूर्ण जानकारी कार्यक्रममा गराइएको थियो ।






**कार्यक्रममा सहभागीहरू**

# युनेस्कोका नवप्रवर्तनहरूको प्रचार प्रसारसम्बन्धी २ दिवसीय गोष्ठी २०७५ माघ २२ गते, सल्यान

विद्यालयको अग्रसरतामा भूमण्डलीय नागरिक शिक्षा सम्बन्धी क्रियाकलापहरूको प्रवर्द्धन सम्बन्धी २ दिवसीय गोष्ठी २०७५ माघ २० र २१ गतेसल्यानमा सम्पन्न भयो ।

**कार्यक्रमको उद्देश्य**

१) युनेस्कोका नवीनतम अवधारणाहरू स्थानीय तहसम्म प्रचारप्रसार गर्नु



**कार्यक्रमका सहभागीहरू**

२) Global Citizenship Educationर सोका सरोकारवाला पक्षहरूका बारेमा जानकारी गराउनु

३) स्थानीय अग्रसरतामा जलवायु परिवर्तनका असरहरू न्यूनीकरणका बारेमा जानकारी गराउनु

४) युनेस्को र युनेस्कोका क्रियाकलापहरूका बारेमा स्थानीयस्तरमा जानकारी गराउनु ।

उक्त कार्यक्रममा उपसचिव श्री ज्ञानेन्द्र वनले युनेस्कोको प्राथमिकतामा रहेको Global Citizenship Educationलाई विद्यालयको अग्रसरतामा क्रियाकलापहरू कसरी सञ्चालन गर्न सकिन्छ र यसको माध्यमबाट हाम्रा विद्यालयहरूमा Green, Clean, Safe र Peace का क्षेत्रमा के कसरी लागु गर्न सकिन्छ भन्ने बारेमा प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा Global Citizenship Education लाई विद्यालय तहका साथै स्थानीय तहलाई कसरी जोड्न सकिन्छ भन्ने बारेमा चर्चा परिचर्चा भएको थियो । सहभागीका जिज्ञासासमेतलाई दृष्टिगत गर्दै उहाँले शिक्षालाई प्रवर्द्धन गर्ने उपायकाबारेमा प्रस्ट्याउनु भएको थियो ।





**मिति २०७५।११।१ गते सर्लाहीमा सम्पन्न भएको १ दिवसीय कार्यक्रमको सम्बन्धमा**

युनेस्को सचिवालयले खास गरि युनेस्को के हो ? युनेस्कोले गर्ने कार्यहरू र युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले युनेस्को आयोग र सो आयोगको गतिविधि तथा नवप्रवर्तनका कार्यहरू जलवायु परिवर्तन, विश्व नागरिक शिक्षा, युनेस्कोका समितिहरू विज्ञान, शिक्षा, सामाजिक, संस्कृति र आमसञ्चारले गर्ने कार्यक्रमहरूको बारेमा र विशेष समिति अर्न्तगत आइएचपी र म्यावको बारेमा जानकारी गराउनका साथै दिगो विकासका लागि शिक्षाको लक्ष्य न. ४ ले गुणस्तरीय शिक्षाका सम्बन्धमा विभिन्न सूचक र अवस्थालाई सरोकारवालाहरूसँग सम्प्रेषण गर्दै आएको छ । मूलत दिगो विकासका १७ ओटा लक्ष्य रहेका र सो मध्ये गुणस्तरीय शिक्षाको सर्न्दभमा नवप्रवर्तनहरूको कार्य सञ्चालन तथा व्यवस्थापन गर्ने क्रममा यस अभिमुखीकरण गोष्ठीको आयोजना गरिएको हो ।

यो कार्यक्रम सञ्चालन गर्नुका उद्देश्य देहाय वमोजिम रहेका छन् :

क) युनेस्को सचिवालय तथा युनेस्को आयोगले गर्ने कार्यहरूको बारेमा जानकारी प्रदान गर्नु,

ख) विश्व नागरिक शिक्षा र भूमण्डलीय नागरिक शिक्षाको बारेमा जानकारी गराउनु,

ग) दिगो विकासका लागि शिक्षा सम्बन्धी लक्ष्य नं. ४ को गुणस्तरीय शिक्षाका बारेमा जानकारी गराउनु,

ङ) जलवायु परिवर्तन सम्बन्धी विषयक्षेत्रको बारेमा जानकारी गराउनु,



**मलंगवाको कार्यक्रममा सहभागीहरूको सहभागिता**

# दिगो विकासका लक्ष्य नं. ४ सम्बन्धी अभिमुखीकरण गोष्ठी धनुषा, जनकपुरधाम

दिगो विकासका लागि शिक्षाको लक्ष्य न. ४ ले गुणस्तरीय शिक्षाका सम्बन्धमा विभिन्न सूचक र अवस्थालाई औल्याएँको छ। सो सूचक र अवस्थालाई दृष्टिगत गरी सरोकारवालाहरू समक्ष यसको ढाँचा र अवस्थाको बारेमा जानकारी प्रदान गर्ने उद्देश्य सहित यस कार्यशाला गोष्ठीको आयोजना गरिएको हो।

सञ्चालनको क्रममा दिगो विकास लक्ष्य नं. ४ को

Ensure inclusive and equitable quality education and promote lifelong learning opportunities for all. (समावेसी र समतामुलक गुणात्मक शिक्षा र जिवन पर्यन्त सिकाई)

- गन्तव्य (Target)७ र ३



**कार्यक्रम सञ्चालनको क्रममा जिल्ला समन्वय समिति धनुषाका प्रमुख समेतको सहभागिता**

यो कार्यक्रम सञ्चालन गर्नुका उद्देश्य देहाय वमोजिम रहेका छन् :

क) दिगो विकासका लागि शिक्षा सम्बन्धी लक्ष्य नं. ४ को गुणस्तरीय शिक्षाका बारेमा जानकारी गराउनु,

ख) **Sustainable Development Goal, National Frame Work for Action (2016- 2030)को बारेमा जानकारी गराउने**

ग) दिगो विकासका लागि शिक्षाका विभिन्न सूचकहरूको आधारमा शैक्षिक योजना निर्माण तथा गुणस्तरीय शिक्षा अभिवृद्धिका लागि खेल्नु पर्ने भूमिकाहरूको बारेमा जानकारी गराउनु,

घ) दिगो विकासका लागि निर्धारण गरिएका शिक्षा सम्बन्धी मार्ग चित्रको बारेमा जानकारी गराउनु,

ङ) विश्व नागरिक शिक्षा र जलवायु परिवर्तन सम्बन्धी विषयक्षेत्रको बारेमा जानकारी गराउनु,

सहजिकरणका क्रममा दिगो विकासको लक्ष्य नं. ४मा समावेश भएका गन्तव्यहरूको बारेमा छलफल गरिएको थियो। कार्यक्रम

- सुचक ४३ ओटा सूचकको बारेमा जानकारी गराइएको थियो।

"Quality Education: Ensure inclusive and equitable quality education and promote lifelong learning Opportunities for all" "गुणस्तरीय शिक्षाः सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा आजीवन सिकाइलाई प्रवर्द्धन गर्ने"

१) सन् २०३० सम्ममा सान्दर्भिक र प्रभावकारी सिकाइका उपलब्धिहरू हासिल हुने गरी सबै बालबालिकाले निशुल्क समतामूलक र्गुणस्तरीय प्राथमिक र माध्यमिक शिक्षा परा गरेको सुनिश्चित गर्न

२) सन् २०३० सम्ममा प्राथमिक शिक्षा हासिल गर्न तत्पर होउन भन्नका लागि गुणस्तरीय बालविकास, स्याहार र पूर्व प्राथमिक शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चत गर्ने

३) सन् २०३० सम्ममा सुलभ र गुणस्तरीय प्राविधिक,

United Nations Educational, Scientific and Cultural Organization

Nepal National Commission for UNESCO

व्यावसायिक तथा विश्व विद्यालय लगायत उच्च शिक्षाका सबै महिला र पुरूषको समान पहुँचको सुनिश्चित गर्ने

४) सन् २०३० सम्ममा रोजगारी, मर्यादित काम तथा उद्यमशिलताका लागि प्राविधिक तथा व्यावसायिक सिप लगायतका सार्न्दभिक सिपहरू हासिल गरेका युवा तथा प्रौढहरूको सख्यामा उल्लेख्य वृद्धि गर्ने

५) सन् २०३० सम्ममा शिक्षामा लैङ्गिक असमानता उन्मुलन गर्ने र अपांगता भएका व्यक्ति, आदिवासी जनजाति र सङ्कटासन्न बालबालिका लगायत सङ्कटासन्न अवस्थामा रहेका सबैका लागि सबै तहको शिक्षा र व्यावसायिक तालिमको समान पहुँच सुनिश्चित गर्ने।

६) सन् २०३० सम्ममा सबै युवा र उल्लेख्य अनुपातमा महिला र पुरूष प्रौढहरूले साक्षरता र गणितीय सिप हासिल गरेको सुनिश्चित गर्ने

७) सन् २०३० सम्ममा सबै सिकारूले दिगो विकासका लागि शिक्षा र दिगो दिगो जीवनशैली, मानव अधिकार, लैङ्गिक समानता, शान्ति र अहिंसाको संस्कृतिको प्रबर्द्धन, विश्व नागरिक र सांस्कृतिक विविधता तथा दिगो विकासमा संस्कृतिको योगदानको प्रशंसा इत्यादी मार्फत दिगोविकासको प्रवर्द्धनका लागि आवश्यक ज्ञान तथा सिप सुनिश्चित गर्ने

क) शैक्षिक सुविधाहरू बाल, अपाङ्गता तथा लैङ्गिक संवेदनशील हुने गरी निर्माण तथा थप गर्ने र सबैका लागि सुरक्षित अहिंसात्मक, समावेशी र प्रभावकारी सिकाइको वातावरण उपलब्ध गराउने।

ख) सन् २०२० सम्म अति कम विकशित देश, साना टापु र अफ्रिकि देशहरूलाई विकशित देशहरूले उच्च शिक्षा विशेष गरी व्यवसायिक तालिम, आईसिटि, प्राविधिक, ईन्जिनियरिङ र वैज्ञानिक कार्यक्रमहरूमा छात्रवृति उल्लेख्य रूपमा विस्तार गर्ने।

ग) सन् २०३० सम्ममा विकासशिल मुलुकहरू, विशेषगरी अतिकम विकसित देशहरू र विकासशिल साना टापु राज्यहरूमा अर्न्तराष्ट्रिय सहयोग मार्फत शिक्षकलाई तालिम उपलब्ध गराई योग्य शिक्षकहरूको आपूर्तिको उल्लेख्य वृद्धि गर्ने।

## युनेस्कोका नवप्रवर्तनहरूको प्रचार प्रसार सम्बन्धी गोष्ठी, २०७५ फागुन ८ गते गोरखा

यस कार्यक्रममा गोरखाजिल्लाका विभिन्न शिक्षासँग सरोकार राख्ने सङघ संस्थाहरूका पदाधिकारीहरू सहभागी रहनु भएको थियो। जसमा शिक्षा विकास तथा समन्वय इकाई गोरखाका प्रमुख तथा पदाधिकारीहरू, नगर/गाउँ शिक्षा समितिका पदाधिकारीहरू एवंम् सदस्यहरू, न.पा/गा. पा. शिक्षा हेर्ने अधिकृतहरू, न.पा/गा. पा. पदाधिकारीहरू, सामुदायिक सिकाई केन्द्रका पदाधिकारीहरू, शिक्षा सम्बन्धी गैर सरकारी संस्थाका प्रतिनिधिहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, प्रधानाध्यापकहरू, शिक्षकहरू एवम् पत्रकारहरूको सहभागितामा कार्यक्रम सम्पन्न गरिएको थियो।



कार्यक्रममा सहभागीहरू

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयका सचिवालय सचिव श्री खगराज पौड्यालले सहजीकरण गर्नु भएको थियो। प्रस्तुतीकरणमा युनेस्कोको सामान्य परिचय युनेस्को आयोग, युनेस्को सचिवालय, युनेस्को क्लवहरू, ए. एस. पि. नेट स्कूल लगायत साझेदार संस्थाहरू आदिको विषयमा प्रस्तुत गर्दै तिनीहरूको महत्वको बारेमा थप प्रकाश पार्नु भएको थियो।



सहजिकरणको क्रममा उप सचिव श्री ज्ञानेन्द्र बन

# स्थानीय अग्रसरतामा सञ्चालित दिगो विकासका लागि शिक्षा (ESD) सम्बन्धी गोष्ठी

## २०७५ फागुन २३ र २४ गते, काठमाडौं



गोष्ठीमा सहभागिहरु

जलवायु परिवर्तन, दिगो विकासका लागि शिक्षा, भुमण्डलीय नागरिक शिक्षा, मानव अधिकार शिक्षा, शान्ति शिक्षाको भूमिकालाई बढी सशक्त बनाई सचेत, सभ्य, सक्षम, कर्मठ, उद्यमशील र सक्रिय युवा वर्ग तयार पार्ने र युनेस्कोका उद्देश्य, आदर्श तथा अवधारणाहरूलाई स्थानीय तहसम्म पुऱ्याउने उद्देश्यले २०७५ फागुन २३ र २४ गते काठमाण्डौंमा एक गोष्ठी सम्पन्न भयो ।

**कार्यक्रमको उद्देश्य :**

१) Sustainable Development Goals (SDGs) को बारेमा जानकारी गराउनु, Sustainable Development Goals (SDGs) मध्ये Goal 4 र Education 2030 बारे जानकारी गराउनु,

२) Sustainable Development for Education मा आवद्ध भएका विद्यालयहरूले गरेका अनुकरणीय कार्यहरूको बारेमा जानकारी गराउनु,

३) स्थानीय अग्रसरतामा जलवायु परिवर्तनका असरहरू न्यूनीकरण बारेमा जानकारी गराउनु, जानकारी गराउनु,

४) युनेस्को र यसले गर्ने कार्यकाबारेमा स्थानीय स्तरमा जानकारी गराउनु,

५) विद्यालय शिक्षा सञ्जाल (Associated School Network (ASPnet) सम्बन्धी जानकारी र अनुभव आदान प्रदान गर्नु,

**अन्य कार्यक्रमहरू**

- २०७५।१०।१७ देखि १८ सम्म यस सचिवालय र युनेस्को काठमाण्डौंको आयोजनामा Workshop on Gender Mainstream in Teacher Education सम्बन्धी कार्यशाला सम्पन्नभएको थियो । सो कार्यशाला गोष्ठीमा लैङ्गिक मूलप्रवाहिकरणका सम्बन्धमा छलफल तथा अन्तरक्रिया भएको थियो । कार्यक्रमलाई युनेस्को काठमाण्डौबाट सञ्चालन तथा व्यवस्थापन गरिएको थियो ।

# Nepal's Participation in UNESCO Meetings, Conferences, Seminars, Workshops and Training Programmes

**(From January to March 2019 )**

| S.N | Subject, Duration and Place | Name, Designation, Office |
|---|---|---|
| 1 | Developing Effective Science, Technology and Innovation Policy<br><br>6 to 8 March 2019<br>Faridabad, India | **Mr. Khil Narayan Shrestha**<br>Curriculum Officer<br>Curriculum Development Centre<br>Sanothimi, Bhaktapur<br><br>**Mr. Anup K.C**<br>Planning Officer<br>National Planning Commission<br>Singhdurbar, Kathmandu |

## दिगो विकासका लक्ष न. ४ मा उल्लेख भएका शिक्षा सम्बन्धी विश्वव्यापी गन्तव्य र सूचकहरु देहाय बमोजिम रहेका छन् ।

**4. Quality Education: Ensure inclusive and equitable quality education and promote lifelong learning Opportunities for all**

- By 2030, ensure that all girls and boys complete free, equitable and quality primary and secondary education leading to relevant and effective learning outcomes

| SN | Indicators (Seven) | Area |
|---|---|---|
| 1 | Percentage of children/young people at end of: (i) primary (ii) lower secondary school achieving minimum proficiency level in (a) reading (b) mathematics. | Learning |
| 2 | Administration of a nationally representative learning assessment (i) during primary, (ii) at the end of primary and (iii) at the end of lower secondary education | Learning |
| 3 | Gross intake ratio to the last grade (primary, lower secondary ) | Completion |
| 4 | Completion rate (primary, lower secondary, upper secondary) | Completion |
| 5 | Out of school rate (primary, lower secondary, upper secondary) | Participation |
| 6 | Percentage of children over age for grade (primary, lower secondary) | Participation |
| 7 | Number of years of (i) free and (ii) compulsory primary and secondary education guaranteed in legal frameworks | Provision |

4.2 by 2030 ensure that all girls and boys have access to quality early childhood development, care and pre-primary education so that they are ready for primary education.

| SN | Indicators (Five) | Area |
|---|---|---|
| 8 | Percentage of children of school entrance age who are developmentally on track in health, learning and psychosocial well-being | Readiness |
| 9 | Percentage of children under 5 years experiencing positive and stimulating home learning environment | Readiness |
| 10 | Participation rate in early childhood care and education in a given period prior to entry into primary education | Participation |
| 11 | Gross pre-primary enrolment ratio | Participation |
| 12 | Number of years of (a) free and (b) compulsory pre-primary education guaranteed in legal frameworks | Provision |

4.3 by 2030 ensure equal access for all women and men to affordable quality technical, vocational and tertiary education, including university.

| SN | Indicators (Three) | Area |
|---|---|---|
| 13 | Gross enrolment ratio for tertiary education | Participation |

| SN | Indicators (Three) | Area |
|---|---|---|
| 14 | Participation rate in technical-vocational programs (15- to 24-year-olds) | Participation |
| 15 | Percentage of youth/adults participating in education and training in the last 12 months, by type of programs (formal and non-formal) and by age group | Participation |

4.4 by 2030, substantially increase the number of youth and adults who have relevant skills, including technical and vocational skills, for employment, decent jobs and entrepreneurship.

| SN | Indicators (Two) | Area |
|---|---|---|
| 16 | Percentage of youth/adults who have achieved at least a minimum level of proficiency in digital literacy skills; Percentage of individuals with ICT skills by type of skills | Skills |
| 17 | Youth/adult educational attainment rates by age group, economic activity status, levels of education and program orientation | Skills |

4.5 by 2030, eliminate gender disparities in education and ensure equal access to all levels of education and vocational training for the vulnerable, including persons with disabilities, indigenous peoples, and children in vulnerable situations.

| SN | Indicators (Four) | Area |
|---|---|---|
| 18 | Percentage of students in primary education whose first or home language is the language of instruction | Policy |
| 19 | Extent to which explicit formula-based policies reallocate education resources to disadvantaged populations | Policy |
| 20 | Education expenditure per students by levels of education and source of funding | Policy |
| 21 | Percentage of total aid to education allocated to low income countries | Policy |

4.6 by 2030 ensure that all youth and a substantial proportion of adults, both men and women, achieve literacy and numeracy.

| SN | Indicators (Three) | Area |
|---|---|---|
| 22 | Percentage of population by age group achieving at least a fixed level of proficiency in functional (a) literacy and (b) numeracy skills | Skills |
| 23 | Youth/adult literacy rate | Skills |
| 24 | Participation rate of youth/adults in literacy programs | Provision |

4.7 by 2030 ensure all learners acquire knowledge and skills needed to promote sustainable development, including among others through education for sustainable development and sustainable lifestyles, human rights, gender equality, promotion of a culture of peace and non-violence, global citizenship, and appreciation of cultural diversity and of culture's contribution to sustainable development.

| SN | Indicators (Five) | Area |
|---|---|---|
| 25 | Extent to which (i) global citizenship education and (ii) education for sustainable development and mainstreamed in (a) national development policies (b) curricula (c) teacher education and (d) student assessment | Provision |
| 26 | Percentage of students by age group (or education level) showing adequate understanding of issues relating global citizenship and sustainability | Knowledge |
| 27 | Percentage of 15-year-old students showing proficiency in knowledge of environmental science and geo-science | Knowledge |
| 28 | Percentage of schools that provide life skills-based HIV and sexuality education | Provision |
| 29 | Extent to which the framework on the world program on human rights education is implemented nationally | Provision |

7.a build and upgrade education facilities that are child, disability and gender sensitive and provide safe, non-violent, inclusive and effective learning environments for all contribution to sustainable development.

| SN | Indicators (Five) | Area |
|---|---|---|
| 30 | Percentage of schools providing (i) basic drinking water (ii) basic sanitation facilities and (iii) basic hand washing facilities | Resources |
| 31 | Percentage of schools with (i) electricity (ii) internet access for pedagogical purposes and (iii) computers for pedagogical purpose | Resources |
| 32 | Percentage of schools with adapted infrastructure and materials for students with disabilities | Resources |
| 33 | Percentage of students experiencing bullying, corporal punishment, harassment, violence, sexual discrimination and abuse | Environment |
| 34 | Number of attacks on students, personnel and institutions | Environment |

7.b by 2020 substantially expand globally the number of scholarships for developing countries in particular Least Developed Countries (LDCs), Small Island Developing States (SIDS) and African countries to enroll in higher education, including vocational training, ICT, technical, engineering and scientific programs in developed countries and other developing countries.

| SN | Indicators (Two) | Area |
|---|---|---|
| 35 | Number of higher education scholarships awarded by beneficiary country | Number |
| 36 | Volume of Official development Assistance (ODA) flows for higher education scholarships by beneficiary country | Number |

7.c by 2030 substantially increase the supply of qualified teachers, including through international cooperation for teacher training in developing countries, especially LDCs and SIDS.

| SN | Indicators (Seven) | Area |
|---|---|---|
| 37 | Percentage of teachers qualified according to national standards by education level and type of institution | Qualified |
| 38 | Pupil/qualified teacher ratio by education level | Qualified |
| 39 | Percentage of teachers in (i) pre-primary, (ii) lower secondary, (iii) secondary, and (iv) upper secondary who have received at least the minimum organized and recognized teacher (i.e. pedagogical) training pre-service and in-service required for teaching at the relevant level in a given country, by type of institution | Trained |
| 40 | Pupil/trained teacher ratio by education level | Qualified |
| 41 | Average teacher salary relative to other professions requiring a comparable level of education qualification | Motivated |
| 42 | Teacher attrition rate by education level | Motivated |
| 43 | Percentage of teachers who received in-service training in the last 12 months by type of training | Supported |


**प्रमुख सल्लाहकार**
श्री खगराज बराल

**सल्लाहकार**
श्री खगराज पौड्याल

**सम्पादक**
श्री विष्णुप्रसाद अधिकारी (भाषा सम्पादक)
श्री ज्ञानेन्द्र बन
श्री शंकर अधिकारी
श्री कुमार बस्नेत

**कम्प्युटर**
श्री उषा पोखरेल
श्री पदमराज जोशी

**व्यवस्थापक**
श्री शिवप्रसाद सुयल
श्री शिवराम बस्नेत
श्री चेतन प्रसाद गौतम

**व्यवस्थापन सहयोगी**
श्री सुरेन्द्र महर्जन
श्री शारदा अधिकारी
श्री निर्मल कुमार चौधरी

United Nations Educational, Scientific and Cultural Organization
Nepal National Commission for UNESCO

**प्रकाशक**
**युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय**
सिंहदरबार, काठमाडौं
फोन नं. ४२०५५९, ४२००५६०, फ्याक्स नं. ४२००५६१
इमेलः unesconatcomnepal@gmail.com
वेवसाइट : www.nncu.org.np

मुद्रक : **जुगल प्रिन्टर्स एण्ड ट्रेडर्स**
अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०५५२९, jugalprinters2008@gmail.com